# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७७/०७८
च. न. २६२९

मितिः २०७७।०३।१९

## सूचना!

राष्ट्रिय सहकारी बैंक लि को २०७७।०२।२६ को पत्र अनुसार यस कमल गाउँपालिकालाई कार्यक्षेत्र बनाएर सञ्चालनमा रहेका निम्न सहकारी संघ संस्थाहरुले यस बैंकको सदस्यता नलिएकोले उक्त बैंकमा आवद्ध भई बैंक मार्फत प्राप्त हुने सम्पूर्ण सेवा सुबिधा लिनु हुन अनुरोध छ। राष्ट्रिय सहकारी बैंक लि. को पत्र र सदस्यता नलिएका सहकारी संघ संस्थाहरुको नामावली यसै पत्र साथ संलग्न गरिएको छ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सहकारी शाखा


Email: info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०८१

"सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन विकास एवं बैकिङ कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक" द.नं. ०१/०५५/६० (सहकारी बैंक)

# National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

च.नं. ३३ मिति २०७७

श्रीमान प्रमुखज्यू,
सहकारी विभाग/ माहाशाखा
कमल गाउपालिकाको कार्यालय
प्रदेश नं. १ झापा

विषय: अनुरोध गरिएको बारे ।

महोदय,

मुलुकको आर्थिक एवं सामाजिक रुपान्तरणका लागि देशभर छरिएर रहेको पुंजी, सीप र साधनलाई सहकारीका माध्यमबाट एकीकृत रुपमा उत्पादनशिल क्षेत्रमा परिचालन गरी सहकारी संघ संस्थाहरुलाई वित्तीय लगायत अन्य सेवा सुविधाहरु उपलब्ध गराई सहकारीका सदस्यहरुको जीवन स्तर उकास्न सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकारको समेत शेयर लगानीमा १७ वर्ष अघि स्थापना भएको सहकारी संघ संस्थाहरुको बैंकको रुपमा सदस्यमा आधारित यस राष्ट्रिय सहकारी बैंक लि.ले हाल ७ वटै प्रदेशका ३५ जिल्लामा रहेका ४४ वटा शाखा कार्यालयहरुबाट ३३ जिल्लाका करिब १२००० आफ्ना सदस्य सहकारी संघ संस्थाहरुमा पुऱ्याएको वित्तीय एवं गैर वित्तिय सेवा मार्फत न्युन आय भएका मानिसहरुको समेत जीवन स्तर उकास्नमा योगदान पुऱ्याउँदै आएको छ ।

कोरोना भाइरस (कोभिड १९) को सवास र महामारीको वर्तमान आवस्थामा सहकारी र उनीहरुका सदस्यहरुलाई पन सक्ने प्रभावलाई मध्यनजर गरी आवश्यक थप वित्तीय तथा अन्य सेवाहरु विकास गर्नुको साथै अनलाइन मार्फत विभिन्न तालिम तथा मनोपरामर्श जस्ता कार्यक्रमहरु निःशुल्क रुपमा सञ्चालन गर्दै आएको छ । साथै बैंकले प्रदान गर्ने सेवाबाट साना-ठूला कुनै पनि सहकारी संघ संस्था नछुट्दुन भन्ने उद्देश्यले यस बैंकको सदस्य बन्नको लागि विगतमा आवश्यक पर्ने न्यूनतम शेयर रकम रु.१०,०००।–लाई रु.१,०००।– कायम गरिएको छ । हाल बैंकको सदस्यता विवरण अनुसार त्यस स्थानीय तहमा ठेगाना भई यस बैंकको सदस्यता लिएका सहकारी संघ संस्थाहरुको संख्या ३८ (संलग्न विवरण अनुसार) रहेको र अन्य सहकारी संघ/संस्थाहरु यस बैंकको सदस्यता लिन बाँकी रहेको देखिएकोले ती बाँकी सहकारी संघ/संस्थाहरुलाई समेत यस बैंकमा आवद्ध गराउन र बैंकबाट उपलब्ध गराइने सम्पूर्ण सेवा सुविधा उपयोग गर्ने अवसर प्रदान गर्नमा त्यस स्थानीय तहबाट आवश्यक सरसहयोग तथा सहजीकरणको लागि हार्दिक अनुरोध गर्दछु । सो सम्बन्धि बैंकको सूचना समेत यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

सहयोग आदान-प्रदान भइरहने छ भन्ने कुरामा पूर्ण विश्वासकासाथ ।

(बद्रीकुमार गुरागाई)
प्रमुख कार्यकारी अधिकृत

**Branch Office:** Damak, Jhapa, Tel.: 023-585431
Email: damak@ncbl.coop, Website: www.ncbl.coop

| सि .नं. | सहकारी नाम | रजीष्ट्रेशन नंबर | ठेगाना |
|---|---|---|---|
| १ | नौतारा महिला कृषी स.सं. लि. | 3/1/7/412 | तोपगाछी ८ |
| २ | चुलाचुली बचत तथा ऋण स.सं. लि. | 3/1/7/796 | तोपगाछी ३ |
| ३ | चोमोलुङ्ग बचत तथा ऋण स. सं. लि. | 3/1/7/864 | कमल ७ |
| ४ | सम्बृदजन कृषी स.सं. लि. | 3/1/7/935 | तोपगाछी ५ |
| ५ | द्रब्यलाभ कृषी स.सं. लि. | 3/1/7/943 | तोपगाछी २ |
| ६ | कमल कृषी स.सं. लि. | 3/1/7/957 | तोपगाछी ७ |
| ७ | आभाष वचत तथा ऋण स.स.लि. | 3/1/7/1002 | कमल ५ |
| ८ | सुनौलो इन्द्रेणी वचत तथा ऋण स.स.लि. | 3/1/7/1007 | लखनपुर १ |
| ९ | जन एकता कृषि स.स.लि. | 3/1/7/1013 | तोपगाछी ५ |
| १० | फर्मणी बचत तथा ऋण स.सं.लि. | 3/1/7/1021 | कल गाउँपालिका–३ |
| ११ | लेकबेशी कृषि स.सं.लि, | 3/1/7/470 | कमल २ |
| १२ | श्रुतिकृति महिला कृषि स.सं.लि, | 3/1/7/541 | तोपगाछी ८ |
| १३ | भरपर्दो कृषि स.सं.लि, | 3/1/7/700 | तोपगाछी ७ |
| १४ | खयरबारी महिला कृषि स.सं.लि, | 3/1/7/709 | लखनपुर ४ |
| १५ | लखनपुर साना किसान कृषि स.सं.लि | 3/1/7/823 | कमल ६ |
| १६ | महिला मिलन बचत तथा ऋण स.सं.लि | 3/1/7/83 | कमल ७ |
| १७ | आइ.पि.एन.कृषि स.सं.लि, | 3/1/7/880 | तोपगाछी ८ |
| १८ | संरक्षण कृषि स.स.लि. | 3/1/7/992 | कमल ६ |
| १९ | हाम्रो सुरक्षा वचत तथा ऋण स.स.लि. | 3/1/7/993 | कमल ५ |
| २० | रिलायन्स वचत तथा ऋण स.स.लि. | 3/1/7/994 | लखनपुर २ |